मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ९ गते आइतबार (Sunday, 23 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कोशीको बजेट पारित

**झापा, असार ८ ।** कोशी प्रदेश सरकारले संसदमा पेश गरेको आर्थिक वर्ष २०८१-०८२ को बजेट पारित भएको छ । शुक्रबार बजेटमाथिको छलफलपछि शनिवार बसेको प्रदेशसभाको १३ औं बैठकले विनियोजन विधेयक २०८१ र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८१ पारित गरेको हो ।

असार १ मा सरकारले ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । ४ असारबाट बजेटमाथि छलफल शुरु भएको थियो । चार दिन लगातार छलफलपछि बजेट पारित भएको हो । बजेट पारित गर्नुअघि नेपाली कांग्रेसका सांसद गोपाल तामाङ

*(बाँकी अन्तिम पृष्ठमा)*

## तीन किशोरी एकसाथ वेपत्ता

उमानाथ भण्डारी

**कमल, असार ८।** झापाको कमल गाउँपालिका वडा नं ७ को एकै गाउँका तीन जना किशोरी एकसाथ वेपत्ता भएका छन् ।

वडा नम्बर ७ स्थित ठूलो बाह्यघरेका १३ वर्षीया जेनिसा श्रेष्ठ, १२ वर्षीया दीक्षा ताजपुरिया र १७ वर्षीया सोनिया रिकियासन बुधबारदेखि बेपत्ता भएका हुन् ।

घरबाट विद्यालय जान हिँडेका किशोरी साँझ घर नफर्किएपछि मात्र परिवारलाई आफ्ना नानीहरु हराएको जानकारी भएको जेनिसाकी ठूलीआमा विमला प्रधानले बताइन् । आफ्ना नानीहरु बेपत्ता भएको र आजसम्म पनि परिवारको सम्पर्कमा नआउँदा परिवार चिन्तित रहेको छ । किशोरीहरु एकसाथ वेपत्ता भएको घट्नापछि सिंगो गाउँ नै चिन्तित बनेका छ ।

प्रहरीले अनुसन्धान र खोजी कार्यलाई तीब्रता दिएको र उनीहरुको अवस्थाबारे गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले शुक्रबार साँझ इलाका प्रहरी कार्यालय दमकका इञ्चार्ज डिएसपी निशान थापासँग उनकै कार्यकक्षमा भेटगरी जानकारी लिनुका साथै घटनाको सूक्ष्म अनुसन्धान गरी किशारीहरुको अवस्था सार्वजनिक गर्न आग्रह गरेका छन् ।

इलाका प्रहरी कार्यालय दमकका डिएसपी थापाले किशोरीहरु झापा जिल्लाभन्दा बाहिर गएको हुनसक्ने आशंका भएकोले खोजी कार्यलाई तीब्रता दिइरहेको बताए ।

# पूर्बाधार विकासमा फड्को मार्दै बाह्रदशी

सुरेन्द्र भण्डारी

**बाह्रदशी, असार ६।** मागका आधारमा आधारभूत आवश्यकता पूरा गर्दै गाउँपालिकालाई आर्थिक, सामाजिक र पूर्बाधारको क्षेत्रमा आत्मनिर्भर र समृद्ध बनाउने गरी बाह्रदशी गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा नीति तथा कार्यक्रम सहितको बजेट ल्यायो ।

बाह्रदशी गाउँपालिकालाई कृषिमा आधुनिकीकरणमार्फत कृषि उत्पादनमा बृद्धि, शिक्षामा गुणस्तर, सबै नागरिकमा स्वास्थ्यको पहुँच र सबल पूर्बाधार निर्माणलाई मजबुत बनाउँदै समृद्ध गाउँपालिका निर्माणमा जनप्रतिनिधि जुट्ने प्रतिवद्धताका साथ ल्याइएको बजेट कार्यान्वयनको अन्तिम चरणमा छ ।

बिकास निर्माणका कामलाई बर्गीकरणका आधारमा अघि बढाउँदै लगेको बाह्रदशीले 'वडा विकासमा हातेमालो' अभियान सञ्चालन गरेको छ । उपभोक्ताबाट सञ्चालन हुने योजनामा प्रत्येक घरधुरीको सहभगिता सुनिश्चित हुने व्यवस्था मिलाउँदै वडाको विकासमा टोल विकास संस्थालाई परिचालन गर्ने र विकास निर्माणलाई चुस्त बनाउने उसको योजना छ ।

प्रत्येक बस्तीलाई सडकसँग जोड्ने र कच्ची सडकलाई ग्राभेल गरी स्तरोन्नतिसहित सातै वडामा रहेका एक/एक वटा सडकलाई कालोपत्रे गर्ने कार्यलाई पालिकाले अघि बढायो । अहिले पालिकाभित्र रहेका सातवटा सडकलाई कालोपत्रे गरिएको छ ।

अधुरा आयोजनालाई प्राथमिकतामा राखी काम सम्पन्न गर्ने, गौरबका आयोजनालाई बहुबर्षीय आयोजनाका रुपमा छनौट गरी काम सम्पन्न गर्ने, डीपीआर भइसकेका आयोजनाको काम कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारसँग बजेट माग गर्दै आयोजनाका कामलाई अघि बढाउने, ठेक्का पट्टाको काममा लापरवाही र ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारवाही गर्ने प्रक्रिया अघि बढाएसँगै बाह्रदशीको विकासले कोल्टे फेरेको बताइन्छ ।

विकासका प्रक्रियामा आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विकासले व्यक्तिगत, सामुदायिक, र राष्ट्रिय स्तरमा प्रगति गर्न मद्दत पुऱ्याउँछ । सोही अनुरुप बाह्रदशी

प्राविधिक शाखा प्रमुखनारायणप्रसाद खरेल

गाउँपालिकाले विकास निर्माणका कामलाई तदारुकताका साथ अघि बढाएको गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईले बताए ।

**पूर्बाधारतर्फ ६ वटा योजना सम्पन्न**

बाह्रदशी गाउँपालिकामा सञ्चालित ठूला १३ वटा आयोजना मध्ये ६ वटा आयोजनाका काम सम्पन्न भएका छन् । सम्पन्न भएका योजनामा गौरीशंकर माध्यमिक विद्यालयको चारकोठे भवन निर्माण, वडा नम्वर -४ मा सडक कालोपत्रे, वडा नम्वर ७ को डाँडागाउँबाट बिरीङ खोला जाने सडक कालोपत्रे, राजगढ बजारमा सडक कालोपत्रे गर्ने काम रहेका छन् ।

ठूला आयोजना मध्ये बाह्रदशी -७ मा रहेको गौरीशंकर माध्यमिक विद्यालयको भवन ३६ लाख रुपैयाँको लागतमा निर्माण गरिएको हो । संघीय सरकारको लगानीमा सो भवन निर्माण गरिएको हो । यो भवन निर्माणसँगै शौचालयसमेत तयार गरिएको छ । भवन निर्माणका लागि ५० लाख रुपैयाँ लागत अनुमान गरिएकोमा ठेक्का प्रक्रियाबाट ३६ लाख रुपैयाँमा आधुनिक र प्रविधिमैत्री निर्माण कार्य तयार भएको हो । त्यस्तै बाह्रदशी -४ को शिवमन्दिर पूर्व घाग्राखोला जाने सडक कालोपत्रे गरिएको छ । यसको लम्वाइ ९ सय ६ मिटर रहेको छ । ८९ लाख रुपैयाँको लागतमा यो सडक निर्माण गरिएको हो । सडकको स्तरोन्नतिसँगै कालोपत्रे गरिएपछि त्यस क्षेत्रका स्थानीय प्रत्यक्ष लाभान्वित भएको पालिकाले बताएको छ ।

बाह्रदशी -७ को डाँडागाउँबाट बिरीङ खोला जाने सडक कालोपत्रे सम्पन्न भएको छ । ९ सय ८४ मिटर लम्वाइ रहेको यो सडक एक करोड ४ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको हो । सडक ४० एमएम मोटाइ र साढे पाँच मिटर चौडाइको रहेको छ ।

बाह्रदशी -३ स्थित राजगढ बजार दक्षिण पूर्व १५ लाख रुपैयाँको लागतमा सडक कालोपत्रे गरिएको छ । राजगढको दुर्गा मन्दिर पूर्व अधुरो रहेको सडक कालोपत्रे गरिएको हो । यो सडकको लम्वाइ एक सय ४ मिटर रहेको छ । सडक बोर्डको योजना अन्तरगत २५ लाख रुपैयाँ र २० प्रतिशत गाउँपालिकाको साझेदारी अन्तरगत ६ लाख २५ हजारसमेत गरी ३२ लाख रुपैयाँको लागत अनुमानमा मिलन मार्ग निर्माण गरिएको छ । वडा नम्वर -१ मा सिप्तावारी गाउँबाट डिक्लीवारी गाउँ जोड्ने सडक रहेको छ । सात दशमलव ९ किलोमिटर सडकको काम सम्पन्न भएको छ । सडक निर्माण गर्न २४ लाख रुपैयाँ खर्च भएको बताइएको छ ।

त्यस्तै राजगढको पेट्रोलपम्बाट दक्षिण दिब्यज्योति स्कूल जाने सडकमा पेवर्स बिछ्याउने काम सम्पन्न भएको छ । यो सडक सामुदायिक अस्पताल जोड्ने मार्ग हो । प्लमसहित ३ सय २० मिटरमा उच्चस्तरीय पेवर्स लगाउने काम सम्पन्न भएको हो । १९ लाख ५१ हजार रुपैयाँको लागतमा यो काम सम्पन्न भएको हो ।

पालिकाभित्र सञ्चालित अन्य सातवटा योजनाको काम भइरहेको गाउँपालिकाका प्राविधिक शाखा प्रमुख नारायणप्रसाद खरेलले जानकारी दिए ।

**सातवटा योजनाको काम अन्तिम चरणमा**

चालू आर्थिक वर्षको असार मसान्त भित्र काम

*(बाँकी अन्तिम पृष्ठमा)*

## अवैध लागूऔषधसहित ६ जना पक्राउ

**बिर्तामोड, असार ८।** मेचीनगर नगरपालिका- ६ काँकरभिट्टास्थित पुरानो मेचीपुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दमक नगरपालिका-४ बस्ने २७ वर्षीय ब्रिजेश सुनुवार रहेका छन् । उनलाई दुई ग्राम ४ सय ७० मिलिग्राम हेरोइनसहित प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त टोलीले उनलाई पक्राउ गरेको हो ।

उता बाराको जितपुर सिमरा उपमहानगरपालिका-३ बजनी चोकबाट अवैध लागूऔषध गाँजा करिब ३० किलोग्रामसहित मकवानपुर हेटौंडा उपमहानगरपालिका-१२ बस्ने २१ वर्षीय सुजन मोक्तानलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीले अम्लेखगञ्जबाट वीरगञ्जतर्फ जाँदै गरेको बा.प्र.०३-००५१ प ४८७१ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा चालक मोक्तानलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

त्यस्तै सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका-७ चिसापानी बस्ने उदयपुर कटारी नगरपालिका-६ घर भएका ४६ वर्षीय कुमार पाखिनलाई अवैध लागूऔषध गाँजा करिब ६ सय ४ किलोग्रामसहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कपिलाकोटबाट खटिएको प्रहरीले सोही ठाउँस्थित पाखिनको गोठमा खोजतलास गर्दा उक्त परिमाणको गाँजा फेला पारी सुतिरहेका पाखिनलाई पक्राउ गरेको हो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## दुर्घटनामा युवकको मृत्यु

**बनियानी असार ८ ।** झापाको मेचीनगर नगरपालिका-१५ मा शनिवार बिहान मोटरसाइकल आफैँ अनियन्त्रित हुँदा एक युवकको मृत्यु भएको छ । सोही मोटरसाइकलमा सवार अन्य दुईजना गम्भीर घाइते भएका छन् ।

दुर्घटनामा मेचीनगर-१० का २२ वर्षीय राजीव दनुवारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए ।

मेचीनगर-१५ लालझोडास्थित भित्री सडक खण्डमा भद्रपुरबाट धुलाबारीतर्फ आउँदै गरेको प्रदेश १-०१-०१६ प ४१८ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित हुँदा उक्त दुर्घटना भएको थियो ।

मोटरसाइलकमा तीन जना सवार थिए । दुर्घटनामा घाइते मेचीनगर-१० का २१ वर्षीय अभिषेक राई र सोही स्थानका २१ वर्षीय विवेक दनुवार घाइते भएका र उनीहरुको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## बिर्तामोडमा छ वर्षमा ९१ किलोमिटर सडक कालोपत्रे

**बिर्तामोड असार ८।** जिल्लाकै प्रमुख व्यापारिक केन्द्रको रुपमा परिचित बिर्तामोड नगरपालिकाले छ वर्षका अवधिमा सडक पूर्वाधारको विभिन्न योजना सम्पन्न गरेको छ ।

नगरप्रमुख पवित्रा महतराले सडक कालोपत्रे, ग्राभेलिङ, पेवर्स बिछ्याउने, पुल, कल्भर्ट बनाउने काम जारी रहेको बताइन् । उनका अनुसार छ वर्षको अवधिमा ९१ किलोमिटर सडक कालोपत्रे भएको छ । दुई सय ८७ किलोमिटर कच्ची सडकमा ग्राभेलिङ गरी स्तरोन्नति गरिएको छ । हामीले शुरुमा सडक, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधारको कार्यलाई प्राथमिकतामा राखेर काम गऱ्यौं - उनले भनिन् -अबको हाम्रो लक्ष्य शिक्षा, स्वास्थ्य र कृषिलाई अघि बढाउने भन्ने छ ।

नगर क्षेत्रमा एक सय ८४ ठूलासाना कल्भर्ट, २७ किलोमिटरमा पेवर्स तथा ब्लक बिछ्याउने काम भएको छ । सो अवधिमा विपन्न समुदायका लागि पाँच सय ३७ आवास निर्माण गरिएको पालिकाका योजना अधिकृत जयप्रसाद तिम्सिनाले जानकारी दिए । उनका अनुसार पालिकाले तीनवटा झोलुङ्गे पुल, आठ वटा फलामे पुल र दुई सय ३४ किलोमिटर क्षेत्रमा तटबन्धन गरेको छ भने खानेपानीका लागि छ हजार तीन सय ८० मिटरमा पाइपलाइन विस्तार गरेको छ । आगामी पाँच वर्षभित्रमा प्रदेश र सङ्घीय सरकारसँगको समन्वयमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेपालमा तीन थरी सरकार, तीस थरी कर

तपाईंलाई थाहा छ तपाईंले कति थरी कर तिरिरहनु भएको छ ? यो आर्थिक वर्षको वैशाखसम्ममा सरकारले साढे आठ खर्ब रुपैयाँको राजश्व सङ्कलन गरेको केन्द्रीय ब्याङ्कको तथ्याङ्कले देखाउँछ । त्यसमा मुख्यतया मूल्य अभिवृद्धि कर, आय कर र भन्सार रहे पनि अन्य कैयन् विविध शीर्षकहरूमा कर एवम् शुल्कहरू उठाइएको छ ।

**थरीथरी सरकार थरीथरी कर**

सङ्घीय सरकारले मात्र करिब २० थरी शीर्षकमा कर उठाइरहेको छ भने प्रदेश तथा स्थानीय तहमा अर्को एक दर्जन शीर्षकमा कर एवम् शुल्क तिर्नु पर्छ । सङ्घले सबभन्दा धेरै झण्डै साढे दुई खर्ब रुपैयाँ भ्याट वा मूल्य अभिवृद्धि करका रूपमा गत १० महिनामा उठाएको छ भने त्यसपछि करिब सवा दुई खर्ब रुपैयाँ आय कर शीर्षकमा उठाएको छ । त्यसपछि उसले धेरै रकम भन्सार महसुल एवम् अन्तःशुल्कबाट उठाएको देखिन्छ । तर तीबाहेक अन्य कैयन् शीर्षकहरू छन् । तिनमा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई विदेशी मुद्राको सटही सुविधा दिँदा सटहीको तीन प्रतिशत बराबर लिइने शिक्षा सेवा शुल्क, खैनी चुरोटमा लाग्ने स्वास्थ्य जोखिम कर, यसपटकको बजेटमा राखिएको नयाँ हरित कर, सडक निर्माण दस्तुर रहेका छन् - आन्तरिक राजश्व विभागका निर्देशक आनन्दकुमार गुप्ताले भने ।

त्यस्तै पाँच तारे वा सोभन्दा माथिल्लो स्तरका तारे होटल वा लक्जरी रिजोर्टले प्रदान गर्ने सेवा, आयातित तयारी मदिरा तथा दश लाखभन्दा धेरै मूल्यको सुन वा सुनमा रत्न जडित गरगहनामा छुट्टै दुई प्रतिशत विलाशिता शुल्क लिइन्छ- गुप्ताले भने । विदेश भ्रमणमा जाने नेपालीले भुक्तानी गरेको रकममा पाँच प्रतिशत वैदेशिक पर्यटन शुल्कदेखि लिएर एक प्रतिशत वैदेशिक रोजगार सेवा शुल्क गरी झण्डै डेढ दर्जन शीर्षक रहेका छन् ।

२०७२ सालको नयाँ संविधानले नेपाललाई तीन तहको हुने गरी सङ्घीय, प्रादेशिक एवम् स्थानीय तहमा बाँडेको छ । प्रदेश र स्थानीय तहलाई पनि संविधानले नै निश्चित् करहरू उठाउने अधिकार दिएको छ । त्यसमा विज्ञापन, मनोरञ्जन, सवारीसाधन र सम्पत्ति कर जस्ता शीर्षक दुवैको भागमा परेको छ । अहिले प्रदेशले सवारीसाधन कर अनि स्थानीय पालिकाहरूले बाँकी तीनवटा कर उठाइरहेको देखिन्छ । उठाउनेले उठेको ६० प्रतिशत आफूसँग राख्छ भने बाँकी ४० प्रतिशत अर्कोलाई दिन्छ - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले भने । ती चारवटा बाहेक अन्य शीर्षकहरूमा पनि प्रदेश तथा स्थानीय तहले कर तथा दस्तुरहरू उठाउन पाउँछन् । उनका अनुसार सङ्घबाट उठ्ने कूल राजश्वको तुलनामा प्रदेश र स्थानीय तहले उठाएको राजश्व जम्मा १० प्रतिशत हुने गरेको छ ।

**के नेपाल धेरै कर लगाउने देश हो ?**

धेरै शीर्षकमा कर लगाउने वा धेरै दरमा कर लगाउने देशहरूमा नेपालको स्थान कहाँ पर्ला ? यो प्रश्नको जवाफ सरल छैन । कर तिर्ने वर्ग खासगरी व्यापारीहरूलाई सोध्ने हो भने उनीहरू मारमा परेको सुनाउँछन् ।

तर कर मामिलाका जानकारहरूले चाहिँ कुनै-कुनै दर धेरै भए पनि अरू हिसाबमा नेपाल अन्य देशको तुलनामा मध्यम स्तरमै रहेको बताएका छन् । हामीकहाँ शीर्षकहरू पनि धेरै छन्, तह पनि धेरै छन्, एउटै आय करभित्र पनि विभिन्न तह राखिएका छन- निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घअन्तर्गत कर तथा राजश्व समितिका अध्यक्ष अम्बिकाप्रसाद पौडेलले भने ।

दक्षिण एशियामै हामीकहाँ महँगो कर भन्छौं । तर करका दरमा हेरफेर गर्दा तर्कसङ्गत देखिँदैन । आय करमा ३५ बाट ३९% प्रतिशत पुऱ्याउँदा त्यो ४% वृद्धिले कति नतिजा दियो त भन्ने खै बताएको ? राज्यलाई थोरै मात्रै अतिरिक्त आम्दानी हुने भए त्यसो गर्नु जरुरी पर्ने थिएन कि ? भन्सार दर पनि धेरै थरी भएर जटिलता आएको उनले बताए । कर मामिलाका जानकार चार्टर्ड एकाउन्टेन्ट सुदर्शन पाण्डेले भने नेपालमा अरू देशको तुलनामा धेरै शीर्षकमा कर रहेको मान्न नसकिने बताएका छन् र। तर दरहरू भने अलि बढी भएको उनले बताए । उदाहरणका लागि जुन देशमा वृद्धावस्थाका लागि आफूले नै बचत गरेको रकममा भर पर्नु पर्छ, त्यो देशमा ३९% सम्म आय कर लिनु न्यायोचित होइन । त्यसो गर्ने हो भने सरकारले नागरिकको स्वास्थ्य, शिक्षा जस्ता अरू सामाजिक सुरक्षाको जिम्मा लिनुपर्‍यो । उनले कतिपय विकसित मुलुकहरूले त्यसरी सामाजिक

*(बाँकी अन्तिम पृष्ठमा)*

**मेची आँखा अस्पताल**
**बिर्तामोड-३, सैनिकमोडको**
**सूचना ! सूचना !! सूचना !!!**

*प्रथम पटक प्रकाशित मिति: २०८१/०३/०४*

**यस मेची आँखा अस्पतालले सदा झैं गर्दै आएको सामुदायिक कार्यक्रम अन्तर्गतका आँखा शिविर, शल्यक्रियासहितका आँखा शिविर सञ्चालनका लागि यस आर्थिक बर्ष २०८१/०८२ (सन् २०२४/२०२५)का लागि इच्छुक पालिका, वडा तथा संघ-संस्थाहरुले आफूले शिविर सञ्चालन गर्न चाहेको स्थान, मिति र संस्थाको नाम खुलाई प्रथमपटक सूचना प्रकाशित भएको १५ दिनभित्रमा अस्पताल प्रशासनमा आधिकारिक निवेदन दिनुहुन अनुरोध गर्दछौं ।**

**नोट : निवेदन** *Email* **मार्फत पनि पठाउन सकिने छ ।**

**अस्पताल** EMAIL: mecc@ntc.net.np/mechieye2079@gmail.com
**कार्यक्रम संयोजक :** kabitakarkikaderiya@gmail.com

**मेची आँखा अस्पताल**
**बिर्तामोड-३, सैनिकमोड, झापा (फोन नं. : ०२३-५३१९९२, ५३१९९३)**

# कोइरालाको साहित्यिक अराजकतामाथि 'डिस्कसन'

रश्मिशेखर सुबेदी

**बिर्तामोड, असार ८।** झापाको भद्रपुरमा एक बृहत् साहित्यिक, साँस्कृतिक एवम् साङ्गीतिक कार्यक्रम सम्पन्न भएको छ। सामाजिक बिकास मन्त्रालय कोशी प्रदेशको सहयोग र बिश्वेश्वर प्रसाद कोइराला स्मृति प्रतिष्ठान भद्रपुरको आयोजनामा भएको कार्यक्रममा दुई महत्वपूर्ण साहित्यिक बिमर्श भएका थिए।

नेपाली साहित्यमा झापाली सर्जक बिषयमा समालोचक डा. गङ्गाप्रसाद अधिकारी, कथाकार पुण्यप्रसाद खरेल डा. रत्नमणि नेपालले प्यानल डिस्कसनको बक्ताका रूपमा भाग लिएका थिए। उक्त बिमर्शको सहजीकरण लीला अनमोलले गरेकी थिइन्। बिमर्शले जन्म, कर्म र योगदानको आधारमा सर्जक कुन भूगोलको हुने भन्ने नयाँ प्रश्न उठाएको छ।

साहित्यिक बिमर्शको अर्को बिषय नेपाली साहित्यमा बिश्वेश्वरप्रसाद कोइराला रहेको थियो। प्राध्यापक समालोचक कविराज नेउपाने, प्राज्ञ मुनाराज शेर्मा र समालोचक लेखनाथ भट्टराईले प्यानल डिस्कसनमा वक्ताको रुपमा भाग लिएका थिए। प्राज्ञ बिवश पोखरेलको सहजीकरणमा सम्पन्न बिमर्शमा कोइरालाको साहित्यिक अराजकतामाथि बहस र साहित्यिक चेत, दृष्टिकोण र योगदानको बारेमा चर्चा गरिएको थियो।

कार्यक्रममा बिरही अधिकारी, केशव आचार्य, गोकुल अधिकारी, कृष्ण बराल, तुलसीराम खरेल, मिलनकुमार ढुङ्गाना, अभागी थेगुवा, खगेन्द्रा खुशी, राजेश ढुङ्गाना, कुमार भट्टराई, अनिता राजबंशी, नमूना दहाल लगायतले कविता वाचन गरेका थिए। कार्यक्रममा अर्जुन खरेल र अनिता पौडेलले गीत र बालकार सुहाना तामाङ र तृष्णा शर्माले नृत्य प्रस्तुत गरेका थिए।

प्रतिष्ठानका अध्यक्ष गोबिन्द लम्सालको सभापतित्व र समालोचक गिरिराज आचार्यको आतिथ्य रहेको कार्यक्रममा प्राज्ञ हरि पौडेल, राम कट्टेल, कृष्ण हुमागाँई, भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन सचिव देबेन्द्र गौतम र लता खरेलले गरेका थिए।

# बिर्तामोडमा धिमेबाजा प्रशिक्षण

**बिर्तामोड असार ८।** नेवाः पासा मुना पुचः बिर्तामोडको आयोजनामा बिर्तामोडमा एक महिना अघिदेखि शुरु भएको धिमेबाजा प्रशिक्षण तालिम सम्पन्न भएको छ।

नेवाः पासा मुना पुचः बिर्तामोडको आयोजना र बिर्तामोड नगरपालिका वडा नं ५ र ४ को आर्थिक सहयोगमा नेवाः छे भवन बिर्तामोड -४ मा गत जेठ १४ गतेदेखि शुरु भएका धिमेबाजा प्रशिक्षण तालिम सम्पन्न भएको हो।

धरानका धिमेबाजा प्रशिक्षक आयुष शाक्यले प्रशिक्षण दिएको उक्त तालिममा बिर्तामोड नगरपालिका र काँकडभिट्टाका गरी २६ जना प्रशिक्षार्थी सहभागी रहेका थिए।

कार्यक्रममा प्रशिक्षार्थीहरुले तालिममा सिकेको कला एक साथ प्रस्तुत गरेका थिए। सोही अवसरमा नेवाः पासा मुना पुचःका शुभचिन्तक बसन्त प्रेमी राजभण्डारीले धिमेबाजा खरिदका निमित्त आयोजक परिवारलाई रू. दश हजार सहयोग प्रदान गरेका थिए।

समापन कार्यक्रमका प्रमुख अतिथि मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले कार्यक्रममा बोल्दै भाषा संस्कृतिको जगेर्ना गर्ने मुलुक र जनताले कहिले पनि दुख नपाउने बताए।

नेवाः पासा मुना पुचः बिर्तामोडका अध्यक्ष दिनेश श्रेष्ठको अध्यक्षता रहेको कार्यक्रममा बिर्तामोड वडा वडा नं ५ का अध्यक्ष रोहित प्रसाई, इन्द्रपुर नेवाः पासा मुना पुचका अध्यक्ष थर्कमान श्रेष्ठ, नेवा समाज काँकरभिट्टाका अध्यक्ष तथा नेवाः देय् दबु झापा जिल्ला उपाध्यक्ष कमल गुभाजू, नेवाः पासा मुना पुचः बिर्तामोडका संस्थापक तथा पूर्व अध्यक्ष कृष्ण उदास, आदिबासी जनजाति महासंघ बिर्तामोड नगर अध्यक्ष राजकुमार राजबंशी, प्रशिक्षक शाक्य लगायतले शुभकामना मन्तव्य राखेका थिए।

नेवाः पासा मुना पुचःउपाध्यक्ष राजीव श्रेष्ठले स्वागत, धिमेबाजा प्रशिक्षण संयोजक लक्ष्मी श्रेष्ठले औचित्यमाथि प्रकाश र सञ्चालन सदस्य तारामणि श्रेष्ठले गरेका थिए।

जिल्लाका बिभिन्न स्थानका नेवा संगठन प्रमुख, प्रतिनिधि लगायत नेवा बन्धुहरुको उपस्थिति रहेको थियो भने प्रशिक्षार्थीहरुलाई प्रमुख अतिथि र बिशिष्ट अतिथिले प्रमाण पत्र बितरण गरेका थिए।

**कर सुधारका लागि सुझाव कस्ता ?**

कर प्रणालीमा रहेका कमजोरी र जटिलता सुधार्नका निम्ति भनेर सरकारले गठन गरेको उच्चस्तरीय समितिले केही महिना अगाडि दिएको सुझावसहितको प्रतिवेदन अर्थमन्त्रालयले यसै साता सार्वजनिक गऱ्यो। उक्त प्रतिवेदनले खासगरी करका दर तथा तहहरू सरलीकृत गर्न, छुटहरूको अन्त्य गर्न अनि करको नीतिगत अस्थिरता हटाउन सुझाव दिएको समितिका अध्यक्ष एवम् पूर्व अर्थसचिव विद्याधर मल्लिकले बताए। करको दायरा बढाउँदै धेरै सङ्ख्यामा रहेका करका तह र दर घटाउन अनि विभिन्न छुट हटाउन हामीले आँकडासहित सुझाव दिएका छौँ - मल्लिकले भने।

मल्लिक नेतृत्वको समितिले दिएको प्रतिवेदनका अनुसार हाल विभिन्न नाममा दिइने कूल कर छुट करिब २ खर्ब रुपैयाँ देखिएकाले तत्कालै समयबद्धरूपमा कर छुटको प्रणालीलाई न्यून करका दर र केही वस्तु तथा सेवामा कर खर्च प्रणालीमा लैजाने व्यवस्था गरी नीतिगत अन्तर कम गर्न सरकारले उच्च प्राथमिकता राख्नु पर्ने देखिन्छ।

अबको पाँच वर्षभित्रमा सबै प्रकारका कर छुटका प्रबन्ध खारेज गर्नु पर्छ। साथै, प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक सङ्कटहरू देखिएको अवस्थामा मात्र सरकारले कानून बनाएर कर छुट दिन सक्ने गरी व्यवस्था गर्ने -प्रतिवेदनले भनेको छ। बितेका कैयन् वर्षहरूमा भ्याट, भन्सार, कर्पोरेट करमा थुप्रै थरी छुट दिइएको छ। तर तिनको फाइदा देखिएको छैन। बरु तिनले कर प्रणालीमा विसङ्गति ल्याएको पाइन्छ- मल्लिकले भने।

दरहरूका बारेमा पनि सरकारले पुनरवलोकन गर्नु पर्ने उनले बताए। कुनै लगानीकर्ता नेपाल आउँछ भने एकदमै उच्च कर भएको क्षेत्रमा आइपुगेको भान नपरोस्। यी दरहरू अलि प्रतिस्पर्धी र अनुमान गर्न योग्य होऊन् भन्ने हामीले सुझाव दिएका छौँ। आय करको हकमा अधिकतम् ३०% राखेर त्यसमा सरचार्ज थपिने गरी अनि कर्पोरेट करको हकमा अहिलेको २५% लाई वर्षैपिच्छे घटाउँदै २०% मा झार्न सुझाव दिइएको छ। कर प्रणालीमा नीतिगत अस्थिरता मुख्य कमजोरी रहेको मल्लिकले बताए।

घरीघरी नीति र दरहरू परिवर्तन गर्नुभन्दा अलि स्थिर भइदिए हुन्थ्यो। जस्तो कि भ्याटको दर यहाँ विश्वको औसतभन्दा कम भए पनि आगामी पाँच वर्षसम्म यसलाई स्थिर राख्ने एवम् कर छुटको अनुसूचीमा रहेका वस्तु र सेवाको पुनरावलोकन गर्नुपर्छ भनेका छौँ।

## पूर्वाधार ...

सम्पन्न गर्ने गरी बाह्रदशी गाउँपालिका भित्र सञ्चालित अन्य सात योजनाको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाले जनाएको छ। जसमा बाह्रदशी गाउँपालिकाको २ नम्वर वडा स्थित कृषि बजारको काम अन्तिम चरणमा पुगेको छ। तीनवटा टहरा निर्माण सम्पन्न भएको र बजारको ल्याण्ड फिलिङ र ब्लक लगाउने काम भइरहेको छ।

भोला रेग्मीको घरदेखि पूर्व सार्पडिग्री खोलामा पुलको काम सम्पन्न हुने चरणमा रहेको छ। त्यस्तै वडा नम्वर -३ मा कल्भर्ट निर्माणको काम सम्पन्न हुने चरणमा रहेको बताइएको छ। सोही ठेक्कामा गाभिएको कुमाल गाउँमा तटवन्धन निर्माणको कामसमेत सम्पन्न हुने चरणमा रहेको प्रविधिक शाखा प्रमुख खरेलले बताए।

त्यस्तै बाह्रदशी- ७ को सिमलचौक र बाह्रदशी -३ मा रहेको राजगढ सामुदायिक भवन निर्माणको काम सम्पन्न हुने चरणमा रहेको बताइएको छ। चकचकीमा अधुरो शिवालय धर्मशाला निर्माणको काम भइरहेको छ। यसमा छत ढलानसँगै अन्य काम भइरहेको पालिकाले जनाएको छ। बाह्रदशी -२ को वडा कार्यालयको भवनमा तला थप्ने काम भइरहेको छ। यो काम यसै आर्थिक वर्षभित्र सम्पन्न हुने बताइएको छ।

त्यस्तै वडा नम्वर १ स्थित भागु डुब्वामा लक्ष्मीथान जाने सडकमा पर्ने खोलामा झोलुङ्गे पुल निर्माणको काम भइरहेको छ। यसको लम्बाइ एक सय २० मिटर रहेको छ। पुलको निर्माण उपभोक्ता समितिमार्फत गरिँदै छ। स्टिल पाट्र्समा पालिकाले टेण्डर आह्वान गरी काम अघि बढाएको हो।

२० घरे टोलमा अन्धुवा खोलामा सिँचाइका लागि मोटरबाट पानी तान्ने योजनाको काम भइरहेको छ। यहाँ १० हर्स पावरको मोटर राखी मोटर घर निर्माण गरी सिँचाइको व्यवस्था मिलाइएको छ। योजनाका लागि खोलामा इन्टेक, पोल, तार सहित पाइपलाइनको काम भइरहेको गाउँपालिकाले जनाएको छ।

**द्रुत गतिमा ठूला गौरवका योजना**

बाह्रदशी गाउँपालिकामा भौतिक विकासतर्फ अन्य चार ठूला गौरवका आयोजनाको कामसमेत द्रुत गतिमा भइरहेको छ। जसमा बाह्रदशी -१ मा पर्यटन क्षेत्रको विकासका लागि साधुपर्ती झिल निर्माणको काम सञ्चालनमा छ।

यता बाह्रदशी गाउँपालिका- २ मा १५ शैय्याको अस्पताल निर्माणको काम भइरहेको छ। त्यस्तै बाह्रदशी -६ मा पर्यटन प्रवर्द्धनका लागि बाह्रदशी डाँडामा कञ्चनभ्यू टावर निर्माणको काम र बाह्रदशी गाउँपालिकाको प्रशासनिक भवन निर्माणको काम तीब्र गतिमा भइरहेको छ। वहुवर्षीय योजना अन्तरगत आर्थिक वर्ष २०७९/०८० मा सम्झौता भइ हाल निर्माणाधीन अवस्थामा रहेका यी योजनाका कम तीब्र रुपमा अघि बढाइएको पालिकाले जनाएको छ।

१५ शैयाको अस्पताल निर्माणका लागि संघीय सरकारको स्वास्थ्य मन्त्रालयबाट प्राप्त ११ करोड ५८ लाख रुपैयाँको लागतमा राजगढ अस्पताल निर्माणाधीन छ। यसअघि सो ठाउँमा इलाका स्वास्थ्य चौकी रहेको थियो। स्वास्थ्य चौकीलाई स्तरोन्नति गर्दै अस्पताल निर्माण शुरु भएपछि राजगढबासी उत्साहित भएका छन्। अस्पतालको भवन निर्माणमा निर्माण व्यवसायीले ढिलाइ गरेका कारण समयमा यो आयोजनाको काम सम्पन्न नहुने बताइएको छ। चालू अर्थिक वर्ष भित्र सम्पन्न गर्नु पर्ने यो आयोजनाको काम हालसम्म ४५ प्रतिशत मात्र भएको बताइएको छ।

त्यस्तै साधुपर्ती झिल सिमसार क्षेत्र पर्यटन प्रवर्द्धन गर्न पर्यटन मन्त्रालय मार्फत विनियोजित बजेटको ३० प्रतिशत गाउँपालिकाले व्यहोरेको छ। ७० प्रतिशत बजेट पर्यटन मन्त्रालयको रहेको छ। कूल ३ करोड ९६ लाख रुपैयाँको लागतमा ठेक्का सम्झौता गरी झिल निर्माणको काम अघि बढेको हो। संघीय सरकारबाट बजेट आउन ढिलाइ हुँदा झिल निर्माणको काममा असर परेको बताइएको छ।

अहिले झिललाई सरसफाई गरी लेभलिङ, झिल जाने बाटोमा रिटेलिङ वाल, प्रवेशद्वारा निर्माण , सार्वजनिक शौचालयको काम, क्यान्टिनको काम , मन्दिरको काम र गेटबाट क्यान्टिन हुँदै मन्दिर जाने स्टोन पेभिङ सडकको काम सो ठेक्कामा रहेको बताइएको छ। सो मध्ये निर्माण कम्पनीले स्टक्चरको काम सम्पन्न गरेको छ। सो मध्ये रंग लगाउने काम, पैदल मार्गमा ढुङ्गा बिच्छयाउने काम गर्न बाँकी रहेको बताइएको छ।

यता ६ करोड १३ लाख रुपैयाँको लागतमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको काम भइरहेको छ। प्रशासकीय भवन तीन तले रहने छ। जसमा घेरावारा, क्यान्टिन रहने छ भने एउटा बाहिरी शौचालय समेत निर्माण हुनेछ। शुरुमा निर्माण व्यवसायीले सोचे अनुरुप काम गर्न नसकेपनि अहिले भवन निर्माणको काम तीब्र रुपमा अघि बढाएको पालिकाले जनाएको छ । भवन निर्माणको काममा ५० प्रतिशत प्रगति भएको बताइएको छ।

यता बाह्रदशी -६ मा कञ्चन भ्यू टावरको कामलाई समेत तीब्र बनाइएको छ। यो भ्यूटावर रेष्टुरेन्ट सहितको हुनेछ। १७ करोड रुपैयाँको लागतमा भ्यूटावर निर्माणाधीन छ। बाहिरी श्रोत नहुँदा गाउँपालिकाले आन्तरिक श्रोतबाट वहुवर्षीय योजनामा यसको काम अघि बढाएको हो। हाल ११ तलासम्म भ्यू टावर निर्माणको काम सम्पन्न भएको छ। यो ठेक्कामा स्टक्चरसहित रंग रोगनको काम सम्पन्न हुनेछ। लिफ्ट जडानका लागि आगामी वर्षमा बजेटको व्यवस्थापन गर्दै भ्यूटावरलाई पूर्णता दिने बताइएको छ।

त्यस्तै गाउँपालिकाले ४० / ४० लाख रुपैयाँ बजेट विनियोजन गरी सातवटै वडामा कलोपत्रे गर्ने गरी एउटा /एउटा सडक छनौट गर्दै कालोपत्रे गर्ने कामलाई अघि बढाएको छ। जसमा १६ सय ८६ मिटर सडक कालोपत्रे गरिएको छ। २०७९/०८० र २०८०/०८१ मा सम्झौता भई सडक कालोपत्रे गरिएको सडकको लम्बाइ ३६ सय ६८ किलोमिटर रहेको छ।

गाउँपालिकाले भौतिक विकासतर्फ उल्लेख्य काम गरेपनि कृषि, स्वास्थ्य, पर्यटन, शिक्षा क्षेत्रको विकासमा पनि उत्तिकै ध्यान दिएको बताइन्छ।

उज्यालो बाह्रदशी बनाउने अभियानमा समेत गाउँपालिकाले उत्तिकै ध्यान दिएको छ। युवा तथा खेलकुदका क्षेत्र सहित युवा लक्षित कार्यक्रमलाई समेत गाउँपालिकाले प्राथमिकतामा राखेको अध्यक्ष चम्लागाँईले बताए।

बाह्रदशीका सबै नागरिकको घरमा विद्युत् सेवा पुऱ्याउन नेपाल विद्युत् प्राधिकरणसंग सहकार्य गर्दै पालिकाले विद्युत् विस्तारलाई तीब्रता दिएको हो। चालू आर्थिक वर्षभित्र पालिकाभित्र २०० वटाभन्दा बढी पोल बितरण गरिएको र आगामी वर्ष सबै बाह्रदशीवासीमा विद्युत् सेवा पुऱ्याइने अध्यक्ष चम्लागाँईले बताए। यो वर्षदेखि विद्युत् महसुलमा समेत सहुलियत दिने गर्ने नीति तथा कार्यक्रम ल्याइने बताइएको छ।

## कोशीको ...

र राप्रपा सांसद सविना बजगाँईले पेश गरेको खर्च कटौतीको प्रस्ताव भने अस्वीकृत भएको थियो। बजेट पारित भएपछि प्रदेशसभाको बैठक अनिश्चित कालसम्मका लागि स्थगित भएको स्रोतले बताएको छ।

## अवैध...

उता ललितपुरको महालक्ष्मी नगरपालिका-३ बोजेपोखरीबाट नियन्त्रित लागूऔषध ट्रमाडोल ४३ थानसहित काभ्रे पनौती घर भई ललितपुर बोजेपोखरी बस्ने ३१ वर्षीय सुदीप कार्की र उदयपुर कटारी नगरपालिका-६ घर भई ललितपुर इमाडोल बस्ने २१ वर्षीय राजीव बराललाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यता मकवानपुरको राक्सिराङ गाउँपालिका-५ ठूलो खोल्सा डाँडाबाट अवैध लागूऔषध गाँजा ८ किलो ५ सय ग्रामसहित सोही गाउँपालिका-८ बस्ने २१ वर्षीय अशोकलाल मोक्तानसमेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

## नेपालमा ...

सुरक्षाको जिम्मा लिने र ५०-६० प्रतिशम्म कर उठाउने गरेको उदाहरण दिए। ती देशमा छोराछोरी पढाउने अनि स्वास्थ्योपचार जस्ता विषयमा राज्यले हेर्छ, जसले गर्दा उच्च दरमा कर लिँदा पनि मानिसहरूले सहज मान्छन्। तर्कविना करको दर धेरै राख्दा त्यसको चोरी वा चुहावट हुने जोखिम बढ्ने उनले बताए।

नेपाल चार्टर्ड एकाउन्टेन्ट सङ्घका अध्यक्ष अरुण राउत धेरै दर र तह हुँदा करदाताहरूमा अन्योल हुने गरेको बताउँछन्। कतिपय शीर्षकहरू अनावश्यक देखिन्छन्, जस्तो प्रदूषण शुल्क हुँदाहुँदै हरित कर भनिएको छ - उनले भने। मूल्य अभिवृद्धि करको दर हेर्ने हो भने विश्वमा उत्रै आकारको अर्थतन्त्रसँग तुलना गर्दा नेपालमा ठीकै स्तरमा छ। त्यसैले मेरो विचारमा नयाँ-नयाँ शीर्षकमा कर लगाउँदा जटिलता बढेको छ- राउतले भने। सर्वसाधारणको हकमा आय कर र भ्याट नै हो सोझै अनुभूति हुने अरू करहरू चाहिँ व्यापारीहरूले तिर्छन् र अप्रत्यक्ष प्रभाव पर्छ। तर दुवै जना कर मामिलाका जानकार पाण्डे र राउत अनि व्यवसायी पौडेलको मतमा प्रदेश र स्थानीय तहमा पनि विभिन्न कर तथा दस्तुर राख्दा जटिलता र झन्झट बढेको छ।

## बिर्तामोडमा ...

डिजिटल सेवा प्रवाहका लागि प्रविधियुक्त प्रशासकीय भवन, डोमालाल रङ्गशालाको स्तरोन्नति, देवी हाटमा बहुतले पार्किङसहितको व्यावसायिक भवन निर्माणको लक्ष्य लिइएको छ। नगरपालिकाले सुविधा सम्पन्न नगर अस्पताल निर्माण गरेर सेवा दिइरहेको छ।

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो । आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।

# हार्दिक समवेदना

**जन्म**
**वि.सं. १९८८ फागुन १९ गते थर्पू, पाँचथर**

**निधन**
**वि.सं. २०८१ जेठ २९ गते कनकाई-८, झापा**

**स्व. भक्तबहादुर कटुवाल**

हाम्रा परममित्र तथा यस कनकाई एजुकेशन फाउण्डेशनका प्राध्यापक पूर्णबहादुर कटुवाल (पीके सर) सहितका प्रातःस्मरणीय पिता **भक्तबहादुर कटुवाल**को ९३ बर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

आफ्ना श्रीमान तथा अभिभावक वियोगको पीडादायी क्षणमा रहनु हुने श्रीमती देउकुमारी, छोराबुहारीहरु पूर्णबहादुर-विमला, बलबहादुर-कमला, गजेन्द्र-पवित्रा, हेमन्त-अञ्जना, छोरीज्वाइँहरु धनमाया-हरि कोइराला, चन्द्रमाया-अमर खड्का, इन्दिरा-कृष्ण कार्की र विना-मदन थापा, १८ नातिनातिनासहित शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**विष्णुप्रसाद दाहाल**
प्रिन्सिपल

**सुरेश चापागाँई**
क्याम्पस प्रमुख

**जयनारायण ढुङ्गाना**
संस्थापक

एवम् **कन्काई एजुकेशन फाउण्डेशन परिवार**
बिर्तामोड, झापा

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# विपद् नियन्त्रणको खाँचो

**विपद् भनेको कुनै स्थानमा आपतकालीन स्थिति सृजना भई जनधनको क्षति हुने अवस्था हो । यसले जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्छ र यो प्राकृतिक वा मानवीय गतिविधिका कारण उत्पन्न हुनसक्ने अवस्था हो । विपद् सर्वकालीक र सर्वदेशीय संकट हो, जसलाई न्यूनीकरण गर्न प्रतिकार्य योजनासहितको प्रतिबद्धता र प्रतिबद्धतासँगै क्रियाशीलता आवश्यक हुन्छ । यस्तो योजना व्यक्तिभन्दा पनि जिम्मेवार सरकारी वा गैरसरकारी संस्थाको हुनुपर्छ र जसले प्रतिकार्य र क्रियाशीलता देखाउन सक्ने क्षमता राख्दछ । विपद् सर्वदेशीय हुन्छ अर्थात् संसारको कुनै पनि देश वा भूगोलको कुनै पनि क्षेत्र यसको जोखिममा रहन्छ र हिजो, आज र भोलि पनि कुनै न कुनै प्रकारले घटित भएको थियो, हुँदैछ र हुन्छ ।**

**प्राकृतिक विपद्हरु कुनै शक्ति वा संस्था अथवा सरकारको खटनमा छैन । त्यहीकारण प्रत्येक वर्ष हामीले बाढी, पहिरो, कटान, डुवान, भूकम्प लगायतबाट ठूलो क्षति व्यहोर्नु परेको छ । त्यस्तै आगलागी, दुर्घटना जस्ता केही विपद्हरु छन् जो मानवीय असावधानीबाट हुने गर्छ । यसलाई त सचेत भएर, सजग र सावधानी अपनाएर न्यूनीकरण गर्न सकिन्छ, तर प्राकृतिक विपद्को नियन्त्रण सम्पूर्ण रुपमा मानिसको अधिनमा छैन । यसबेला नेपालको पूर्वी भेगमा वर्षा र बाढीजन्य विपद्ले ठूलो मानवीय तथा भौतिक क्षति भइसकेको छ । वर्षा लाग्नै नभ्याई अति मूल्यवान जीवन लान सक्ने वर्षात्ले भौतिक संरचनादेखि बालीनालीमा पनि त्यत्तिकै क्षति गरिसकेको छ ।**

**त्यसो त कतिपय विपद्का लागि मानवीय गतिविधि नै जिम्मेवार रहेका छन् । नदीको दोहन, वन फँडानी र अतिक्रमण, भौतिक विकासका नाममा प्रकृतिबिरुद्ध उत्खनन् र लोकप्रिताका लागि गरिएका 'डोजरे विकास' विपद् निम्त्याउने प्रमुख कारण हुन् । वैज्ञानिक अध्ययन अनुसन्धानबिनै गरिएका त्यस्ता कार्यले जमिनको अवस्थितिमा परिवर्तन आउँदा बाढी र पहिरोमा परी अकल्पनीय क्षति व्यहोर्नु परेको छ । ओरालोतिर बग्ने पानीको धर्म हो । त्यही धर्मको पालना गर्ने क्रममा उसलाई अवरोध गरिँदा हुने क्षति न्यूनीकरण गर्ने जिम्मा मानिसको हो । चुरे क्षेत्रमा भइरहेको अतिक्रमण र वन विनाशले अन्नको भण्डार भनिने तराईमा कहिले पानीको हाहाकार हुने र कहिले डुबान, कटान बाढीले त्यत्तिकै क्षति गराइरहेको छ ।**

**झापाकै सन्दर्भमा यहाँको प्रमुख आर्थिक कारोबारको केन्द्र बिर्तामोडमा जम्मा एउटा अन्धुवा खोला छ । तीन दशक अघिसम्म अञ्जुलीमा उघाएर पानी खान सकिने उसको स्वरुप आज 'छुन पनि घिन लाग्ने' अवस्थामा पुगेको छ । उसको पवित्रता माथिको आक्रमण प्रकृतिको होइन र मानिस बाहेक कोही जिम्मेवार पनि छैन । त्यही खोलाले वर्षामा आयतन बढाउँछ र कतै डुवान तथा कतै कटानले क्षति गर्छ । अहिले स्वायत्त स्थानीय सरकार छ, चाह्यो भने उसले बेलैमा नदीको सरसफाई गरेर जलप्रवाहको अवरोध हटाउन सक्छ । जस्तो कि राजधानी काठमाडौंमा नगर प्रमुख बालेन्द्र साहले वर्षौंदेखि जम्मा भएको फोहर हटाएर पानीलाई स्वच्छ र अविरल बग्ने बनाइरहेका छन् । अब बिर्तामोडलाई पनि त्यस्तै समर्पित, प्रतिबद्ध र कर्मठ नेतृत्वको अग्रसरताको खाँचो छ, जसले यहाँको बाढीजन्य समस्याको समाधानमा योगदान दिओस् ।**

# पुरातन भग्नावशेषमा निर्मित आधुनिक शहरहरू

भुवन तामाङ

विश्वका विभिन्न भागमा आधुनिक शहर अवस्थित छन् । ती कतिपय शहरहरु वास्तवमा प्राचीन शहरहरू मध्येका हुन् । आज आधुनिक देखिने शहरका स्मारक र भवनहरुमा प्रयुक्त लिवास या सामग्रीहरुले प्राचीन शहर भएको प्रमाण दिन्छन् । अनि विश्वका धेरै आधुनिक भनिएका शहरहरू पुरातन जगमा निर्मित भएका छन् ।

शहरका भवनहरुका ऐतिहासिक ब्लकहरूले मनमोहक स्मारकहरूको विशेषता र सम्पत्तिलाई संरक्षित गरेका छन् जसले पुरानो र नयाँबीच एक आकर्षक भिन्नता प्रदान गर्दछन् । यहाँ सबैभन्दा पुरानो शहरको जगमा विकसित केही आधुनिक शहरहरूबारे संक्षिप्त जानकारी पस्कन्छु ।

**इटलीको रोम शहर :**

रोम शहरमा आधुनिकताको चिन्हहरु प्रसस्तै देख्न सकिन्छ तर प्राचीन रत्नहरूको आश्चर्यजनक संग्रहले पुरानो काल्पनिक रोम शहरलाई परिभाषित गर्दछ । रोमको स्थापना सात सय ५३ ईसा पूर्वमा भएको थियो र युरोपको सबैभन्दा पुरानो शहरहरु मध्ये एक हो । यसको दुर्लभ र बहुमूल्य स्थलहरूमा शक्तिशाली कोलोसियम र रोमन फोरम समावेश छन् । जसले यो शहर धेरै नै पुरानो हो भनेर चिन्न सकिन्छ ।

**इजिप्टको लक्सर शहर :**

आधुनिक समयको लक्सर दक्षिणी इजिप्टको नील नदीको पूर्वी किनारमा अवस्थित छ । यसले नयाँ राज्यको दौरान माथिल्लो मिश्रको ठूलो राजधानी प्राचीन थेबेसको स्थान ओगटेको छ । लक्सरमा प्राचीन कालदेखिका केही प्रभावशाली स्मारकहरू छन्, जसमा कर्नाक र लक्सरमा मन्दिर परिसरहरू पर्दछन् । जुन दुबै आधुनिक शहरभित्र खडा छन् । जसले प्राचीनताको झल्को दिन्छन् ।

**ग्रीसको एथेन्स शहर :**

एथेन्स आधुनिक शहरको उत्तम उदाहरण हो जुन यसको पुरातन अतीतसँगसँगै छ । ग्रीक राजधानीले तीन हजार चार सय वर्षभन्दा लामो इतिहास कोरेको छ, जसले यसलाई विश्वको सबैभन्दा पुरानो शहरहरू मध्ये एक बनाएको छ । आधुनिक भइकन पनि शास्त्रीय एथेन्सको प्रमाण जताततै देख्न सकिन्छ । उदाहरणका लागि, एथेन्सको एक्रोपोलिस मूर्ति, एथेना नाइकीको मन्दिर, पार्थेनोन, हेकाटोमपेडोन मन्दिर, जिउस पोलियसको अभयारण्य, हेरोदेस एटिकसको रोमी युगको ओडियन र एरेक्थियन, आदि ।

**पेरूको लिमा :**

पेरूको राजधानी लिमा सबैभन्दा ठूलो शहरहरू मध्ये एक हो । लिमाको स्थापना सन् १५३५ मा भएको थियो । तथापि, यो शहर प्राचीन जगहरूमा सेट गरिएको छ जुन पूर्व-कोलम्बियन युगको हो । सन् १९५० को दशकमा पुरातत्वविद्हरूले एक एडोब पिरामिड पत्ता लगाए जुन इन्का र हुल्लाला मानिसहरूले प्रयोग गरेको विश्वास गरिन्छ । यसलाई हुवाका हुल्लामार्का नाम दिइएको थियो र यो लिमाको सान इसिड्रो जिल्लामा अवस्थित छ ।

**इङ्ग्ल्याण्डको लन्डन :**

विश्वव्यापी शहर लण्डनमा लगभग ९० लाख जनसंख्या छ । यो दुई सहस्राब्दीभन्दा अघिदेखिको एक प्रमुख बस्ती या शहर हो । यस शहरको स्थापना रोमीहरूले इस्वी सम्वत् ४७ मा रोमी ब्रिटेनको राजधानी लोन्डिनियमको रूपमा गरेका थिए । तिनीहरूको व्यवसायको अवशेषहरू अझै पनि पर्खालको जीवित खण्डहरूमा देख्न सकिन्छ । लन्डन पुरानो शहर भइकन पनि अत्याधुनिक शहरको सुविधा प्रदान गरिरहेको छ र विश्वका मानिसहरुका लागि आकर्षणको केन्द्र बन्दै आएको छ ।

**स्पेनको बार्सिलोना शहर :**

बार्सिलोना क्याटालोनियाको सांस्कृतिक धरोहरको रूपमा समृद्ध राजधानी हो । यस शहरलाई पाँचौं शताब्दीको शुरुमा भिसिगोथहरूले र पछि आठौं शताब्दीमा मुरहरूले जितेका थिए । नेक्रोपोलिसमा, इस्वी सम्वत् तेम्रो शताब्दीको ७० जना मानिसको अवशेष रहेको अनुमान गरिएको छ र रोमी युगका पर्खालका अवशेषहरू अझै पनि देख्न सकिन्छ ।

**चीनको सियान शहर :**

चीनको सान्सी प्रान्तको राजधानी सियान चीनको सबैभन्दा पुरानो शहरहरू मध्ये एक हो । सबैभन्दा पुरानो प्रिफेक्चर राजधानी हो र चिनियाँ चार महान प्राचीन राजधानीहरू मध्ये एक हो ।

**फ्रान्सको पेरिस शहर :**

वित्त, कूटनीति, वाणिज्य, फेसन, ग्यास्ट्रोनोमी, विज्ञान र कलाको विश्वको प्रमुख केन्द्रहरू मध्ये एक शहर पेरिस हो । पेरिसलाई लुटेसियाम पेरिसिओरमको रूपमा चिनिन्थ्यो । आठौं शताब्दीसम्ममा पेरिस फ्रान्सको सबैभन्दा ठूलो र समृद्ध शहर थियो । यो सहर सन् १७८६ तिर निर्माण गरिएको भूमिगत ओस्सुअरीहरूको शृंखलामा बिस्तार गरिएको थियो । शहर बिस्तार गर्ने क्रममा ६० लाखभन्दा बढी मानिसहरूका अवशेषहरू भेटिएका थिए । यसले यो शहर पुरानो समयमा पनि घना आवादी भएको जनाउ दिन्छ या यो शहर विश्वका धेरैको आकर्षणको केन्द्र भएको आभाष दिन्छ । आज, पेरिस विश्वकै एक प्रमुख पर्यटन स्थल बनेको छ ।

**जापानको क्योटो शहर :**

सन् ७९४ मा सम्राट कान्मुद्वारा जापानको शाही दरबारको नयाँ आसनको रूपमा स्थापना गरिएको क्योटोको मूल नाम हेयान- क्यो थियो र कुनै समय जापानको राजधानीको रूपमा सेवा गरेको थियो । क्योटोलाई अझै पनि देशको सांस्कृतिक राजधानीको रूपमा मानिन्छ । यहाँ रहेका धेरै बौद्ध मन्दिरहरू, शिन्तो तीर्थस्थलहरू, सजावटी प्यागोडाहरू, सुन्दर महलहरू र रंगीन बगैंचाहरु प्रसिद्ध छन् ।संसारमा यस्ता धेरै-धेरै शहर छन् जुन प्राचीन शहरहरुको जगमा या भग्नावशेष माथि निर्माण भएका छन् र विस्तार भएका छन् । जसलाई आज हामी आधुनिक शहरको रुपमा देख्दछौँ तर ती शहरहरु प्राचीन शहरहरु हुन् ।

नेपालकै कुरा गर्ने हो भने काठमाडौं उपत्यकाका शहरहरु भक्तपुर, ठिमी, पाटन, टोखा, किर्तिपुर, हनुमान ढोका इलाका, असन, हाँडिगाऊँ लगायत विभिन्न शहरहरु पनि प्राचीन शहरहरुकै जगमा निर्माण भएका हुन् । यहाँ प्राचीन चिन्हहरु जताततै देख्न सकिन्छ । शहरका कतिपय स्थानहरु विश्व सम्पदासूचीमा परेका छन् । यी बाहेक नेपालमा अरु पनि प्राचीन शहरहरु छन् । नेपालका शहरहरु पर्यटकहरुका लागि निकै आकर्षणका केन्द्र बनेका छन् । जसले गर्दा देशलाई आर्थिक लाभ पनि पुगेको छ ।

# माओवादीद्वारा एक लाखको फलफूलका बिरुवा रोप्ने कार्य प्रशंसनीय

विष्णुप्रसाद पोखरेल

नेकपा (माओवादी केन्द्र)ले दमकमा एक लाख फलफुलका विरुवा रोप्ने योजना अन्तर्गत बिरुवाहरु रोपिरहेको छ । राजनीतिक दलहरुले गर्ने राजनीतिक कार्यक्रमभन्दा पृथक भएर माओवादी केन्द्रले पूर्वमा संगठन विस्तार र सुदृढीकरण कार्यक्रमसँग जोडिएर दमकमा मात्र एक लाख बिरुवा रोप्ने जुन योजना बनायो र त्यस अनुसार काम गरिरहेको छ यो राजनीतिक दलको एउटा नविनतम् सोच हो ।

यसभन्दा अघि पनि विभिन्न राजनीतिक दल र सामाजिक संघ-संस्थाहरुले पनि वृक्षरोपण नगरेका भने होइनन् । तर, त्यस्ता वृक्षरोपण औपचारिकतामा सिमित थिए र केही बिरुवा रोपेर फेसबुकमा फोटो पोस्ट्याउने काम हुन्थ्यो । तर, माओवादी केन्द्रले यो पटक दमकमा लिचि, कागती, अम्बक, जामुन लगायतका एक लाख फलफुलका बिरुवा रोप्ने अभियान चलाएर एउटा सकारत्मक सन्देश दिएको छ ।

बिरुवा रोप्नुमात्र ठूलो कुरा होइन यसको संरक्षण गर्नु चुनौति हो । हरेक घरधुरी र सार्वजनिक महत्वका कार्यालय तथा स्थानहरु छनोट गरेर बिरुवा रोपेको देखिन्छ । यसले गर्दा संरक्षणका लागि त्यति ठूलो समस्या नहोला । जसरी बिरुवा रोप्न उत्साह छ त्यसरी यसको संरक्षणका लागि पनि लाग्नु आवश्यक छ । बिरुवा रोप्ने तर त्यसको संरक्षण नगर्ने हो भने सस्तो लोकप्रियता हो की भन्ने देखिन्छ । तसर्थ, यी बिरुवाहरु संरक्षणका लागि पनि कसरत गर्नुपर्ने देखिन्छ ।

आमनागरिकले उत्साहित भएर बिरुवाहरु आफै लगेर रोपिरहेका छन् । निःशुल्क रुपमा उपलब्ध गराएपछि आफूले चाहेको बिरुवा लगेर रोपिरहेका कारण यो प्रभावकारी बन्ने र संरक्षण हुनेछ । दमकमा एक लाख बिरुवा रोपिँदा ७५ प्रतिशत बिरुवा जोगिए भने पनि यो एउटा ठूलो उपलब्धि हुनेछ । वातवरण संरक्षण र फलफुलको परनिर्भरता कम हुनेछ ।

केही वर्षअघिको तथ्याङ्क अनुसार नेपालको कुल भू-भागको ४०.३६ प्रतिशत वन क्षेत्र र ४.३८ प्रतिशत भू-भाग अन्य काष्ठ तथा बुट्यान क्षेत्र गरी कुल ६६ लाख हेक्टर वन र बुट्यान क्षेत्रले ढाकेको छ भने बाँकी भू-भाग कृषि, बसोबास क्षेत्र र नदी क्षेत्रले ढाकेको छ । पछिल्लो समयमा वन विनासका कारणले गर्दा वातावरणमा नराम्रो असर परेको छ । त्यस्तो असरलाई कम गर्न पनि यसले केही न केही भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ ।

सरकारी र गैर सरकारी क्षेत्रका कार्यालयका खाली ठाउँ, विद्यालय र क्याम्पसका खाली चौरहरू, निजी जग्गाहरू, सडक किनारा, नदी र खोला किनारा, सार्वजनिक जग्गा, वन क्षेत्र, झाडी बुट्यान क्षेत्र आदिमा आमनागरिक, निजी क्षेत्र, नागरिक समाज, राजनीतिक पार्टी, सरकारी क्षेत्र सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरी बृहत् रूपमा बहुउपयोगी फलफुल, काष्ठजन्य, गैर काष्ठजन्य बिरुवाहरू वृक्षरोपण दिवसका दिनदेखि रोपण गर्दै उक्त रोपेका बिरुवाहरूको उचित हेरचाह र संरक्षण गरी सो रुखहरूबाट सतत रूपमा उत्पादन लिँदै देशलाई चाहिने आवश्यक वस्तुहरूको परिपूर्ति गरी व्यापार घाटा कम गर्दै राष्ट्रको समृद्धिमा योगदान गर्न वृक्षरोपण कार्यले मद्दत गर्न सक्छ ।

वृक्षरोपणको महत्त्व धेरै नै रहेको छ । मानिसलाई श्वास फेर्न प्रतिदिन १७.५ के.जी.अक्सिजनको आवश्यकता पर्छ जुन सात वटा रुखहरूले प्रति रुख २.५ के.जी. अक्सिजन दिएर पूर्ति गरिदिन्छन् । वृक्षरोपणबाट औद्योगिक कच्चापदार्थको आपूर्ति भई औद्योगिकरण मार्फत रोजगारी सिर्जना गर्न, व्यापार घाटा कम गर्न र राजश्व प्राप्त गरी समृद्धि हासिल गर्न मद्दत पुग्छ । जस्तैः चिनले बाँस वृक्षरोपणबाट कागज उत्पादन गरेर र भारतले लहरे पिपल वृक्षरोपण मार्फत कागज उत्पादन गरी विदेशी मुद्रा आर्जन गरेको छ ।

# महिनावारी : किशोरीहरुले ध्यान दिनुपर्ने कुरा

किशोरी अवस्थामा शारीरिक परिवर्तनसँगै मासिकश्राव पनि शुरू हुन्छ । यो प्रक्रिया कसैलाई ९, १० वर्षकै उमेरमा पनि हुन्छ । कसैलाई १३, १४ वर्षको उमेरमा पनि हुन सक्छ । मासिक श्राव हुने बेला अधिकांशको उमेर परिपक्व नभइसक्ने हुनाले समस्या आउँछ । त्यसैले आमा, दिदी र भाउजुले मासिकश्रावका बारेमा राम्रो ज्ञान दिनुपर्छ ।

**के हो मासिकश्राव ?**

मासिकश्राव एक शारीरिक प्रक्रिया हो । यो उमेर पुगेपछि हरेक महिलामा हुन्छ । सामान्यतयाः मासिकश्राव २८ दिनको चक्रमा हुन्छ । दुई-तीन दिनअघि वा दुई-तीन दिनपछि पनि हुन सक्छ ।

मासिकश्रावको बेला यौनाङ्गबाट रगत बग्छ । यो तीनदेखि पाँच दिनसम्म रहन्छ । दोस्रो वा तेस्रो दिन बढी रगत प्रवाह हुन्छ । यो समयमा कतिपय महिलालाई पेट तथा कम्मर दुख्ने समस्या पनि आउँछ । त्यसैले यो बेला बढी आराम चाहिन्छ ।

**ध्यान दिनुस यी कुरामा**

मासिकश्रावको बेला यौनाङ्गमा संक्रमणको भय हुने भएकाले पनि सामान्य दिनमा भन्दा बढी यस समयमा सरसफाई गर्नुपर्छ । मासिकश्रावअघि स्यानिटरी प्याड वा सफा कपडाको जोहो गर्नुपर्छ । यो बढीमा चारदेखि छ घण्टामा फेर्नुपर्छ । लामो समयसम्म एउटै प्याड प्रयोग गर्दा त्यसमा ब्याक्टेरिया फैलिने सम्भावना हुन्छ । कति मात्रामा रक्तश्राव हुन्छ त्यस अनुसार पनि छिटो प्याड फेर्न सकिन्छ ।

मासिकश्रावको बेला शरीरमा आइरनको कमी हुनाले आइरनयुक्त खानेकुरा खानुपर्छ । त्यससँगै सन्तुलित खानेकुरा सेवन गर्नुपर्छ । मासिकश्रावको बेला यौनाङ्गमा पाउडर, क्रिम जस्ता वस्तुको प्रयोग गर्नु हुँदैन ।

# रतुवा पुल निर्माण तीव्र

**झापा, असार ८।** हुलाकी राजमार्ग अन्तर्गतको झापा र मोरङलाई जोड्ने रतुवा खोला पुलको भौतिक प्रगति ६५ प्रतिशत भएको हुलाकी सडक योजना कार्यालय इटहरीले जनाएको छ ।

करिब डेढ दशकदेखि अलपत्र रहेको सो पुल निर्माणका लागि वि.सं. २०७९ पुस १७ गते देव एण्ड सायर-समता आशिष सन्दिप जेभीसँग पुनः सझौता भएको हो । इटहरी कार्यालयका सूचना अधिकारी प्रभातकिरण राईका अनुसार पुल निर्माणकार्य तीव्रगतिमा भइरहेको छ ।

वि.सं. २०८२ असार मसान्तमा निर्माण सम्पन्न गर्ने गरी रु. २२ करोड, १२ लाख ३७ हजार छ सय ६० मा निर्माण कम्पनीले पुल पुनः ठेक्का लिएको हो । उनले सडकको भौतिक प्रगति ६४ दशलमव १७ प्रतिशत र वित्तीय प्रगति ६५ प्रतिशत भइसकेको जानकारी दिए । पुलको फाउण्डेशन र सबस्ट्रक्चर निर्माण सम्पन्न भइसकेको उनले बताए । पुलको सुपरस्ट्रक्चरको दुई वटा स्लाबको ढलान सम्पन्न भइसकेको र बाँकी रहेको एउटा स्लाबको डण्डीको कार्य समेत भइरहेको जानकारी दिए ।

विगत १५ वर्षअघि निर्माण कार्य अलपत्र पारिएको पुलको झापातर्फ २५ मिटर र मोरङतर्फ ५० मिटर निर्माण गरेसँगै दुई सय ८० मिटरको पुल बन्ने सूचना अधिकारी राईले बताए । यसअघि वि.सं. २०६४/०६५ मा कालिका-ओसिए जेभीले २०५ मिटर निर्माण गरेर अलपत्र अवस्थामा पुललाई छोडेको थियो ।

पूर्व-पश्चिम राममार्गको विकल्पको रुपमा निर्माण भएको हुलाकी राजमार्गमा पर्ने रतुवा खोलाको पुल निर्माणसँगै कोशी प्रदेशको राजधानी पुग्न दक्षिण झापाका बासिन्दालाई सहज हुनेछ । हुलाकी राजमार्गको पूर्वमा मेचीदेखि पश्चिममा कञ्चपुरको दोधारा चाँदीसम्मको कूल लम्बाई एक हजार आठ सय ८७ किलोमिटर रहेको छ ।

कार्यालयका सूचना अधिकारी राईले निर्माण व्यवसायीले निर्माण कार्यलाई तीव्ररुपमा अघि बढाइरहेको बताए । यही क्रममा काम हुने हो भने सम्झौता मितिभन्दा अवागै काम सकिने उनको भनाइ छ । हुलाकी राजमार्ग अन्तर्गतका झापा खण्डका पुलमध्ये कनकाई नदीको पुल बन्न बाँकी रहेको छ । झापा खण्डका आठ पुलमध्ये छ वटा निर्माण सम्पन्न भइसकेका छन् भने बाँकी दुई वटा पुलको काम धमाधम भइरहेको उनको भनाइ छ ।

हाल वर्षायाम शुरु भएका कारण केही समय पुलको काम रोकिन सक्ने उनले बताए । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको राजमार्गको झापा खण्ड ४८ किलोमिटर छ । सडक निर्माणको काम भने गत वर्ष सकिएको कार्यालयले जनाएको छ ।

# बिर्तामोडमा शैक्षिक गतिविधि तीव्र

**सुरुङ्गा, असार ८।** बिर्तामोड नगरपालिकाले वर्ष २०८१ लाई शैक्षिक उपलब्धि वृद्धि वर्षको रुपमा घोषणा गरेपछि विभिन्न शैक्षिक गतिविधिहरु तीव्र गतिमा सञ्चालन हुन थालेका छन् ।

यसै वर्षको शुरुवातमै बिर्तामोडको शिक्षा शाखाले बिर्तामोड नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू मा अध्यापन गराउने विषयगत शिक्षकहरूको पहिलो नगर सम्मेलन मार्फत गठन गरेको विषयगत समितिहरु सक्रिय हुन थालेका छन् ।

उक्त सम्मेलनले पाँच वटा विषयगत समितिहरु गठन गरेको थियो । गठित समितिहरूमा अंग्रेजी नेपाली विज्ञान गणित र सामाजिक समितिहरू रहेका छन् । सोही अवसरमा शिक्षक तथा विद्यालयहरूले २१ बुँदे प्रतिबद्धता पत्रमा समेत हस्ताक्षर गरेपछि विषयगत समितिहरूले आ-आफ्नो क्रियाकलाप अगाडि बढाएका हुन् ।

यसै क्रममा अंग्रेजी विषय समितिले बिर्तामोडस्थित महेन्द्ररत्न माविको तालिम हलमा अंग्रेजी विषयक एक दिने अन्तरक्रिया तथा कार्यशाला सञ्चालन गरेको थियो ।

कार्यशालामा बिर्तामोड नगर क्षेत्रका संस्थागत तथा सामुदायिक विद्यालयका ४० जना शिक्षकहरू सहभागी रहेका थिए । नगरपालिकाले शैक्षिक क्षेत्रमा संस्थागत र सामुदायिक विद्यालयहरूलाई एकैसाथ लिएर अगाडि बढ्ने नीति अवलम्बन गरेपछि दुबै विद्यालयका शिक्षकहरु लाभान्वित भएका छन् ।

कार्यशालामा शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख उपसचिव तिलचन भण्डारीले नगरको समग्र शैक्षिक अवस्थालाई सुधार गर्न विषयगत समिति गठन गरी सक्रिय बनाइएको जानकारी दिए । उनले यस वर्ष सिकाइ उपलब्धिलाई वृद्धि गरी शैक्षिक गुणस्तर कायम गर्न बिर्तामोड नगरपालिका शिक्षा शाखा तथा सम्पूर्ण विद्यालयहरू लागि परिरहेको बताए ।

कार्यशालालाई बिर्तामोड नगरस्तरीय विषयगत समिति सञ्जालका सदस्य धर्मेन्द्र भट्टराई, अंग्रेजी विषयगत समितिका संयोजक लक्ष्मण शिवाकोटी र सदस्य केशव उप्रेतीले सहजीकरण गरेका थिए । कार्यशालामा शिक्षण सिकाइ सम्बन्धी सीप, प्रश्न गर्ने तरिका तथा प्रश्न निर्माण गर्ने तरिका र परियोजना कार्यलाई मूल्याङ्कन गर्ने तरिकाहरूको विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा नगरस्तरीय विषयगत सञ्जालका सदस्य लीलाप्रसाद भण्डारी, शिक्षक महासङ्घ बिर्तामोडका अध्यक्ष युवराज कट्टेल, महेन्द्र रत्न मावि बिर्ता बजारका प्रधानाध्यापक खड्गप्रसाद खरेल, न्युटन्स एजुकेशन एकाडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाँई लगायतको उपस्थिति रहेको थियो ।

यसअघि नेपाली विषयगत समिति र विज्ञान विषय समितिले पनि नगरका शिक्षकहरूका लागि तालिम कार्यक्रमको आयोजना गरेका थिए । बिर्तामोड नगरपालिकाले विषयगत समितिहरू मार्फत शैक्षिक क्रियाकलापलाई गतिशिल बनाउन महत्वपूर्ण योगदान हुने विश्वास लिएको छ ।

# नेकपा एसको प्रतिनिधि छनौट

**लक्ष्मीपुर, असार ८।** नेकपा (एकीकृत समाजवादी)ले १०औं राष्ट्रिय महाधिवेशनका लागि झापाबाट बासु दुलालसहित १४ जना प्रतिनिधि छनौट गरेको छ ।

नेकपा एसको कोशी प्रदेश सचिवालय सदस्य तथा झापा उपाध्यक्ष दुलालसहित १४ जना १०औं राष्ट्रिय महाधिवेशनका लागि झापाबाट सर्वसम्मत रुपमा प्रतिनिधि छनौट भएका हुन् । झापा क्षेत्र नम्बर १ बाट तीन जना, क्षेत्र नं. २ बाट पाँच जना, क्षेत्र नं. ३ बाट दुई जना, क्षेत्र नं. ४ बाट तीन जना र क्षेत्र नं. ५ बाट एक जना गरी १४ जना प्रतिनिधि छनौट भएका छन् ।

नेकपा एसले १०औं राष्ट्रिय महाधिवेशनका लागि झापाबाट सर्वसम्मतरुपमा प्रतिनिधि छनौट गरेको बताइएको छ । नेकपा एसले झापा क्षेत्र नं. १ बाट शंकर थापा, पर्शुराम शंकर र सबिता भेटवाल, झापा क्षेत्र नं. २ बाट बासु दुलाल, प्रत्युस राना, श्रीप्रसाद सिटौला, कृष्णबहादुर लोहार र सरस्वती लिम्बूलाई छनौट गरेको छ ।

त्यस्तै झापा क्षेत्र नं. ३ बाट बेदराज रेग्मी र पदम लिम्बू, झापा क्षेत्र नं. ४ बाट कमलप्रसाद सापकोटा, नविन इजम र मिरा प्रधान र झापा क्षेत्र नं. ५ बाट अनिलदेव राईलाई प्रतिनिधि छनौट गरेको बताइएको छ ।

# किसानलाई बाख्रा वितरण

**फिक्कल, असार ८।** इलामको माडसेबुङ गाउँपालिकाले ग्रामीण किसानको जीवनस्तर उकास्न बाख्रा वितरण गरेको छ ।

माडसेबुङ गाउँपालिकाले वडा नं. ४ का तीन वटा बाख्रापालन समूहलाई ७८ वटा उन्नत जातका पाठी र छ वटा जातका 'ब्याडे बोका' वितरण गरेको हो ।

कोशी प्रदेश सरकारको बाख्रापालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत सरकारको अनुदान र २५ प्रतिशत किसानको लागत साझेदारीमा बाख्रा वितरण गरिएको माडसेबुङ गाउँपालिका ४ नं. वडाध्यक्ष नवीन लिम्बूले बताए ।

कार्यक्रम अन्तर्गत वडाका सगरमाथा बाख्रापालन समूह, सरस्वती बाख्रापालन समूह र मिलीजुली बाख्रापालन समूहले प्रति समूह २६ वटाका दरले ७८ वटा उन्नत जातका पाठी र प्रति समूह दुई वटाका दरले छ वटा ब्याडेबोका पाएका छन् । प्रत्येक समूहमा १३ जना किसान आबद्ध छन् ।

बाख्रापानल प्रवर्द्धन कार्यक्रम अन्तर्गत समूहमा आबद्ध किसानले खोर निर्माण, घाँस खेती व्यवस्थापन लगायत पशुपालनका निम्ति आवश्यक काम गरेका छन् । किसानलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा रु. ३० लाख प्रदेश सरकारबाट प्राप्त भएको थियो भने रु. १० लाख तीनवटा बाख्रापालन समूहको लागत साझेदारी रहेको थियो ।

ग्रामीण क्षेत्रका किसानलाई बाख्रापालनमा प्रोत्साहन गर्न र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने योजना अनुरुप सञ्चालित कार्यक्रमले किसानमा उत्साह थपेको वडाध्यक्ष लिम्बूले बताए ।

# हिमाली माविको शैक्षिक स्तर बढाउन स्थानीय एकजुट

**लक्ष्मीपुर, असार ८।** कनकाई नगरपालिका-८ र अर्जुनधारा-५ लक्ष्मीपुरका सामाजिक अगुवा व्यक्तिहरू स्थानीय हिमाली माध्यमिक विद्यालयलाई शैक्षिक रुपमा अब्बल बनाउन एकजुट भएका छन् ।

बालबालिकाले राम्रो शिक्षा पाउन सके भने मात्र समाज राम्रो हुने र आफ्नो समाज राम्रो बनाउन आफै लागि पर्नुपर्ने भन्दै त्यहाँका नागरिकहरू सामुदायिक विद्यालयलाई समयानुकूल प्रभावकारी विद्यालय बनाउन लागि परेका हुन् ।

विगत १० वर्षअघि झापा जिल्लाकै नमूना विद्यालयको रुपमा चर्चा पाएको हिमालीलाई थप शैक्षिक र भौतिक विकास गरेर आगामी पाँच वर्षभित्रमा देशमै एक नमूना विद्यालयको परिचय स्थापित गराउने महत्वकांक्षा राखेर स्थानीयबासीले विपन्न वर्गका विद्यार्थीहरूलाई

शिक्षा आर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले हिमाली माध्यमिक विद्यालयमा अक्षयकोषका लागि रकम घोषणा गरेका छन ।

एक कार्यक्रम आयोजना गरेर विद्यालयले एक करोड ५० लाखको अक्षयकोष रकम जम्मा गर्ने लक्ष्यका साथ अक्षयकोष घोषणा कार्यक्रम आयोजना गरेको थियो । दाताहरूले आफ्ना परिवारका सदस्यहरूको स्मृतिमा अक्षयकोषमा रकम थप गरेका छन् । कोष वृद्धिका लागि हिमाली माविका पूर्व प्रधानाध्यापक केशवप्रसाद ओझाले एक लाख, विद्यालयका पूर्व अध्यक्ष दुर्गा पराजुलीले पाँच लाख, पूर्व जनप्रतिनिधि बृहस्पति उप्रेतीले दुई लाख, सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीले दुई लाख, चन्द्रमणि हुमागाँई र धनकुमारी सुवेदीले एक लाख रुपैयाँ अक्षयकोषका लागि घोषणा गरेको विद्यालयमा शिक्षक टीएन गिरीले जानकारी दिए ।

यसअघि अक्षयकोषमा दमयन्ती खड्का दुई लाख, कमलादेवी कटुवाल एक लाख, केदार शम्शेर गिरी ५० हजार, पूर्णिमा गिरी ५० हजार, प्रेम (मेनुका) गिरी ५० हजार, केदार ढुङ्गेल ५० हजार, महानन्द निरौला ५० हजार, गुणराज घिमिरे ५० हजार रुपैयाँ प्रदान गरेका थिए । जम्मा भएको र घोषणा भएको रकम १६ लाख ५० हजार भएको बताइएको छ ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष नेत्रबहादुर नेपालको अध्यक्षतामा आयोजित विद्यालय सुधार योजना निर्माण गोष्ठी तथा अक्षयकोष घोषणा कार्यक्रममा कनकाई-८ का वडाध्यक्ष लीलाबहादुर कटुवालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कटुवाल, सहारा नेपाल साकोसका कार्यकारी निर्देशक महेन्द्रकुमार गिरी, आदर्श विद्यामन्दिर घैलाडुब्बाका विद्यालय व्यवस्थापन समिति अध्यक्ष चन्द्रमोहन उप्रेती, हिमाली माविका पूर्व प्रधानाध्यापक केशवप्रसाद ओझा, दाता बृहस्पति उप्रेती, चन्द्रमणि हुमागाँई लगायतले मन्तव्यको क्रममा हिमाली माध्यमिक विद्यालयलाई नमूना विद्यालय बनाउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा प्रधानाध्यापक धर्मानन्द निरौलाले कार्यक्रमको औचित्य र भावी पाँच वर्षको लागि कार्ययोजना प्रस्तुत गरेका थिए । विद्यालयका शिक्षक माधव निरौलाले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षक चित्रकला ओलीले गरेकी थिइन् । विक्रम सम्वत् २०२० सालमा स्थापना भएको हिमाली विद्यालय सात कट्ठा पाँच धुर क्षेत्रफलमा रहेको छ । तत्कालीन समाजसेवी बाजवर्ण कटुवाल हाल (स्व.)ले उक्त जग्गादान गरेका थिए ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००,
९८६६२४२४६६
**अर्जुनधारा नपा- ४, झापा**

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

**जनहितमा जारी सूचना**

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश

**धुम्रपान र मद्यपान नगरौं स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वास-प्रश्वास क्यान्सर जस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ ।
- त्यसैले, धुम्रपात र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

**माई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सितली, इलाम

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

ज्यो. पं. खेमप्रसाद गौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् आज मनोरञ्जनमा ध्यान जानेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रै सुन्नेछन्, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ । प्रेम सम्बन्ध पनि राम्रो हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - आज तपाईको मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग नमिल्नाले मनमा खिन्नता पैदा हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, आज धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुनाले समय रमाइलो रहेको छ ।